अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी प्रमोद निरौला मु.नं (०८०-CR-०१४४) फैसला मिति २०८१/०२/०३	घुस रिसवत लिई भ्रष्टाचार गरेको।	• प्रतिवादी प्रमोद निरौला उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.१५,०००/- (पन्ध्र हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद सोही दफा ३ को उपदफा (१) बमोजिम जरिबाना हुन मागदावी लिई आरोपपत्र दायर गरिएको ।	• प्रस्तुत मुद्दाका उजूरकर्ता सुरेश कुमार रंजित धरौट फिर्ता माग गर्न कार्यालयमा आएको अवस्थामा कार्यालयको अन्य काममा ब्यस्त रहेको र १५ वटा भौचरको काम गरे पश्चात तपाईको काम गरिदिन्छु भनि फाईलमा १५ लेखेको हो, क्यान्टिनमा खाजा खान गएको अवस्थामा मलाई फसाउन मेरो झोलामा पन्ध्र हजार रुपैया हालि दिएको रहेछ, उजूरकर्तासँग रिसवत मागेको छैन भनि यी प्रतिवादी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ । • उजुरकर्ता र प्रतिवादी बीच भएको वार्तालापको अडियोको स्क्रिप्ट राइटिङ हेर्दा असान्दर्भिक वार्तालापहरु बढी देखिन्छ। यो यस्तो कार्य गरिदिनको लागि उक्त रकम लिएको भन्ने सो सम्वादबाट नदेखिएको अवस्थामा शंकाको भरमा मात्र कसूर ठहर गर्न निमल्ने हुँदा **यी प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने** भनि फैसला भएको देखिन्छ ।	• प्रस्तुत वारदातका उजुरकर्ता सुरेश कुमार रंजित विरुद्द **वैदेशिक रोजगार विभाग, ताहचलमा** उजुरी परी सो उजुरीमा मिलापत्र भए पश्चात उक्त उजुरी कारवाहीको क्रममा निजले उक्त विभागमा राखेको रु.५,००,०००।- धरौटी रकम फिर्ता माग गर्दा **सो विभागका लेखापाल प्रमोद निरौलाले** घुस रिसवत रकम माग गरी फाईलमा कालो मार्करले नेपालीमा १५ लेखी देखाई यति गरिदिनु भनी उजुरकर्ता सुरेश कुमार रंजितसङ्ग रु.१५,०००।-(पन्ध्र हजार) घुस/रिसवत माग गरेकोले उक्त रिसवत रकम म आफैले ब्यवस्था गरि उक्त नोटको विवरण र रिसवत माग गर्दाको अडियो भिडियो सहित उजूरी गरेको भन्ने उजुरकर्ता सुरेश कुमार रंजितको उजूरी बेहोराबाट देखिन्छ । उक्त उजुरी बेहोरालाई पुष्टि गरी उजुरकर्ता सुरेश कुमार रंजितले अदालतमा उपस्थित भई वकपत्र गरेको देखिन्छ । निज प्रतिवादीले निवेदकबाट उक्त रिसवत रकम लिएको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी समेतको टोलीबाट निज प्रतिवादीलाई उक्त घुस रकम सहित नियन्त्रणमा लिई कारवाहीको लागी पेश गरेको भन्ने प्र नि रामचन्द्र तिवारी समेतको प्रतिवेदनबाट देखिन्छ । प्रमोद निरौलाको कार्यकक्षबाट कालो मार्करले नेपालीमा १५ लेखिएको फायल, निजको CAT लेखिएको कालो रङ्गको व्यागमा लुकाई राखेको अवस्थामा रु.१५,०००।-(पन्ध्र हजार रुपैया), समेत बरामद भएको वरामदी मुचुल्काबाट देखिन्छ । उक्त वरामदी मुचुल्कालाई पुष्टि हुने गरी प्रतिवेदक तथा मुचुल्काका साक्षीहरुले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । वैदेशिक रोजगार विभाग ताहाचलको लेखापाल प्रमोद निरौलाको कार्यकक्षमा यी निवेदकले नगद रु.१५,०००।-(पन्ध्र हजार) निज प्रतिवादी बसेको कुर्सीको अगाडी रहेको टेवलको घर्रामा राख्र लगाएकोमा निजले उक्त घर्राबाट उक्त रकम निकाली कालो झोलामा राखेको देखिएको उजुरी/निवेदक सुरेश कुमार रंजितले पेश गरेको श्रव्य दृष्य रेकर्ड सि.डी./डि.भि.डी. बाट देखिन्छ । उजुरकर्ता र प्रतिवादी बीच भएको वार्तालापको अडियोको स्क्रिप्ट राइटिङ हेर्दा लेनदेन सम्वन्धी वार्तालापहरु भएको देखिन्छ । स्क्रिप्टमा उजुरकर्ता सुरेश कुमार रंजितले "कति के गर्नु पर्ने हो अब अस्ती गर्दा हजुर मान्नु भएन" भन्दा यी प्रतिवादीले "आफ्नो हिसाबले गर्नु न अस्तीको भन्दा वढि जति भए पनि हुन्छ" भनेको देखिन्छ । उजूरकर्तालेे "हजुरले जति भन्यो त्यती नै ल्याई दिएको छु है सर १५००० ल सर" भन्दा यी प्रतिवादी प्रमोद निरौलाले "ठिक छ" भनेको देखिन्छ ।उक्त आधार प्रमाणबाट यी प्रतिवादी प्रमोद निरौलाले उजुरकर्ता सुरेश कुमार रन्जितसँगबाट रु.१५,०००।- घुस रिसवत लिई आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भईरहेको अवस्थामा उक्त प्रमाण ग्रहण नगरी Benefit of doubt gone to the accused जस्ता सिद्दान्तको आड लिई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा वदर भागी छ । • यी प्रतिवादीले धरौट रकम फिर्ता माग गर्ने क्रममा रु.१५,०००।- घुस रिसवत लिएको हो निजले घुस रकम माग गर्दाको अडियो र घुस लिँदै गर्दाको भिडियो समेत पेश गरेको छु भनि उजुरकर्ता सुरेश कुमार रंजितले अदालतमा उपस्थित भई अनुसन्धानको क्रममा वयानलाई पुष्टि हुने गरी वकपत्र गरेको देखिन्छ । उजुकर्ताको सूचनाको आधारमा यी प्रतिवादीको कार्यकक्षमा रहेको निजको झोलाबाट उजुरकर्ताबाट निजले लिएको घुस रकम रु.१५,०००।- वरामद गरेको हो भनी प्रतिवेदक प्र नि रामचन्द्र तिवारी समेतले बकपत्र गरेको देखिँदा उक्त वबपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने कानूनी ब्यवस्था अनुसार उक्त वकपत्रलाई प्रमाणमा ग्रहण गर्नु पर्दछ । मिसिल संलग्न उक्त निवेदन उजूरी, घुस रकम लिने सम्वन्धमा भएको कुराकानी तथा घुस रकम लिएको देखिने श्रव्य दृष्य रेकर्ड सि.डी./डि.भि.डी., घुस रकम वरामद भएको वरामदी मुचुल्का, प्रतिवेदक समेतले गरेको वकपत्र समेतबाट यी प्रतिवादीले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा यी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न प्रमाण मूल्याँकन तथा प्रमाण कानूनको व्याख्याको रोहमा त्रुटीपूर्ण हुँदा बदर भागी देखिन्छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादी प्रमोद निरौलाले आफ्नो

					कार्यालयमा नियमानुसार धरौट फिर्ता माग गर्न आएका सेवाग्राहीबाट रिसवत रकम माग गरी जम्मा रु.१५,०००।- घुस रकम लिई आरोपित कसूर गरेको पुष्टि भएकोमा यी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको **प्रस्तुत फैसला त्रुटीपूर्ण देखिएकोले प्रस्तुत फैसला उपर पुनरावेदन गर्ने।**